# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २६५ | बुटवल | २०८१ असोज ०५, गते शनिबार | नेपाल संवत ११४४ | Saturday Sept.21, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन

बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)

फोन:- ०७१५४२५७१


# बटौलीलाई नयाँ ढंगले सोच्ने कि ?

**कुनै बेला नेपाल–भारत र तिब्बतबिच व्यापार हुने प्रमुख नाका बटौलीमा अहिले पर्यटन प्रवर्द्धनको प्रचुर संभावना छ । यहाँका साँस्कृतिक स्थलमा पर्यटक आकर्षित गर्न सकिन्छ । बुटवल उप–महानगरपालिकाले प्रदेश र संघीय सरकारको सहयोगमा पर्यटन प्रवर्द्धनको काम अघि बढाउन सक्छ ।**

**पदम न्यौपाने**

*बुटवल*










पाल्पामा राज्य गरेका सेन वंशीय राजाहरुले आफ्नो राज्य सञ्चालनका क्रममा राज्यलाई निकै सवल र समृद्ध बनाएको देखिन्छ । पाल्पाको रिब्दिकोट राजधानी बनाएका सेन राजाहरु नेपाल एकीकरणका दौरानसम्म छिमेकी मुलुक भारतमा शासन गरिरहेका अंग्रेजहरुको नजरमा समेत परेका थिए । राज्य सञ्चालनमा थिति र सवलताको मापनमा अंग्रेजहरु मोहित भएका थिए । प्रकृति, वनजंगल र तिब्बतसँग व्यापारकालागि सहज व्यापारिक नाका पनि भएको कारण पाल्पा उनीहरुको नजरमा परेको थियो । शक्तिशाली पाल्पा राज्यमा आफ्नो कब्जा हुन सके त्यस माथिका साना राज्यहरु सहजै आफ्नो मातहत ल्याउन सक्ने अनुमान उनीहरुको थियो ।

पाल्पा राज्य जब नेपाल एकीकरणको प्रकृयामा प्रवेश गऱ्यो त्यसपछिका नेपाली शासकहरुले पाल्पाको महत्व विशेष रहेको बुझाइबाटै पाल्पालाई नै मुख्य केन्द्र बनाइ थप सुरक्षा नीति अवलम्बन गरेको देखिन्छ । राज्यकालागि आवश्यक आर्थिक व्यवस्थापन र यस क्षेत्रको महत्वलाई बुझेर आफ्ना भरपर्दा र बहुआयामिक छवि बनाएका विश्वाशिला पात्रहरुलाई पाल्पा पठाएको देखिन्छ । उनीहरुबाट यो क्षेत्रको सवलतासँगै अंग्रेजहरुको नजरलाई गहिरो अध्ययनसहितको रणनीति बनाएको पाइन्छ । यसैको परिणाम स्वरुप दुई पटकको अंग्रेज आक्रमणलाई निस्तेज बनाउन सफल भएको मात्र होइन, अंग्रेजहरुलाई सम्झौता गर्न बाध्य पनि गरायो । जसलाई नेपालको इतिहासमा सुगौली सन्धिको नामले परिचित पनि छ ।

त्यसै समयदेखि पाल्पा क्षेत्र इतिहास, संस्कृति र प्रकृतिले भरिपूर्ण सोही अनुरुपका सम्पदायुक्त अवसर प्राप्त क्षेत्रको रुपमा रहेको छ । कतिपय सम्पदाहरु सांस्कृतिक विरासत समेत बनेको पाइन्छ । यस्ता विरासत भएका केही सम्पदाहरु पछिल्लो समयमा प्रशासनिक विभाजनबाट रुपन्देहीको बुटवल उप-महानगरपालिकाको वडा नम्बर १ बटौली क्षेत्रमा रहन पुगेका छन् । यस लेखमा बुटवलले प्राप्त गरेका त्यस्ता सम्पदा र इतिहास, संस्कृति र प्रकृतिका अनुपम सम्पदा र बुटवलले प्राप्त गरेका उपहार स्वरुपका सम्पतिहरुको व्यवस्थापनबाट समृद्धि र उन्नती ल्याउन सक्ने सम्भावनाका सन्दर्भका जिज्ञासा र सुझावसहितको टिप्पणी गर्ने प्रयत्न गरिएको छ ।

गत महिना स्थानीय समाजसेवी निरोज मास्केले वडाध्यक्ष र नगरपालिकाका प्रमुखलाई बटौलीका सामयिक समस्या र आगामी कदमकालागि नपाको ध्यानाकर्षण गराउँदै तत्काल गर्नै पर्ने र नीतिगत व्यवस्थासहितको कदम चाल्न माग गर्दै बुझाएको पत्रलाई उद्दृत गर्दै विषय उठान गर्ने जमर्को गरिएको छ ।

सम्पदाहरु सार्वजनिक सम्पती हुन् । स्थानीय सरकारले यस्ता सम्पदा वा सम्पतीहरुको माध्यमबाटै आफ्नो पहिचान बनाउन सक्छन् । बटौली बजार र यस सेरोफेरोको क्षेत्र बहुमूल्य सम्पति रहेको क्षेत्र हो । बुउमनपा १ बुटवलका (बटौली) बासिन्दाहरु यसबाट गौरवान्वित हुनुपर्छ । बुटवल उप-महानगरपालिका क्षेत्रभित्र रहेका अन्य विभिन्न क्षेत्रभन्दा भिन्न र गरिमामय वजन बोकेको यो एक आकर्षक र अत्यन्त गहकिला सम्पदा रहेको विशेषतायुक्त क्षेत्र पनि हो, बटौली ।

बटौली क्षेत्रका जितगढी किल्ला, इतिहास र संस्कृति बोकेको मननारायण मन्दिर र निमचोक, गणेश मन्दिर, फूलबारी क्षेत्र र सेन वंशीय दरबारको भग्नावशेष एवं नुवाकोट जस्ता विश्व सम्पदा सूचीमा सूचीकृत हुनसक्ने सम्पदाहरु र यी सम्पदाको सांस्कृतिक मूल्यसहितको इतिहास गौरव गरिने पक्षहरु हुन् । नेपाल-भारत र तिब्बतबिचको नेपालका पुराना गनिने व्यापारिक नाकाहरु मध्येको एक, रणनीतिक महत्व बोकेको बजारको रुपमा यसलाई लिइन्छ । यो क्षेत्र मुक्तिनाथ क्षेत्र पुग्ने र विश्वको एक मात्र शालिग्राम प्राप्त हुने नदी कालीगण्डकी समेत नजिकै रहेको क्षेत्र पनि हो ।

भारतमा सयौं वर्ष राज गरेको इष्ट इन्डिया कम्पनीले आफ्नो भौगोलिक र व्यापारिक साम्राज्य विस्तारकालागि चालेका कदममध्ये सबैभन्दा बढी चासो दिएर पटक–पटक पहल गरेको, तर हार खाएर नेपालसँग सम्झौता गर्न बाध्य बनाएको क्षेत्र पनि यही बटौली हो ।

बटौली क्षेत्र नेपाली सेनाका पाल्पा तैनाथवाला तत्कालीन कमाण्डर उजिरसिंहको बहादुरी, चातुर्यता र रणकौशल प्रदर्शन गरेको गाथा सँगसँगै राज्य जोगाउन जनता पनि युद्धमा सहभागी भइ इतिहासको एउटा सवल र सक्षम भूमिका निर्वाह गरेको बुटवल र यहाँका बासिन्दाहरुको क्षेत्र पनि यही हो । नेपाल र इष्ट इण्डिया कम्पनीबिच भएको सुगौली सन्धिका क्रममा अंग्रेजहरुको आफ्ना रणनीति असफल बनाउन महत्वपूर्ण भूमिका र योगदान गरेका (मननारायण मन्दिरका संस्थापक मनराज(मणिराज) फौजदारलाइ सुपुर्दगी गर्न नेपालसँग माग राखेको) व्यक्तित्वले बचाएको क्षेत्र पनि हो यो भन्न सकिन्छ । यद्यपी यस भूमिकाका बारेमा गहिरो अध्ययन गर्न आवश्यक छ । राष्ट्र, राष्ट्रियता र स्वाधीनताका लागि उदारण, अनि इतिहास, संस्कृति सम्बद्ध सम्पदा मात्र होइन, हरित या पर्यापर्यटन, संस्कृति पर्यटन, सम्पदापर्यटन जस्ता सम्भावना बोकेको क्षेत्र पनि हो । बटौली बजारमा रहेका दुईसय वर्ष पुराना घरहरु आफैंमा सम्पदाको संख्या र मूल्य बढाइरहेको पनि हो । तर अहिले यो क्षेत्र उपेक्षित बनेको छ ।

नगरप्रमुख समक्ष पेश गरिएको ध्यानाकर्षण पत्रमा उल्लेख गरेका मुख्य समस्या तर तत्काल समाधान गर्न सकिने पक्षहरुका बारेमा पनि केही विवेचना गरौं ।

ध्यानाकर्षण पत्रमा भनिएकोछ-'इतिहास संस्कृति र प्रकृतिको अनुपम उपहार प्राप्त गरेको बटौली क्षेत्रलाई बुउमनपाद्वारा विशेष सांस्कृतिक क्षेत्र घोषणा गर्नुपर्ने र गुरुयोजना निर्माण गर्नुपर्ने महत्वपूर्ण विषय उठान गरिएकोछ, जुन अहिलेको आवश्यकता हो । फूलबारीस्थित सेन वंशीय दरबार (भग्नावशेष) को सुरक्षामा विशेष ध्यान दिन पुरातत्व विभागलाई कृयाशिल बनाउने र सोही भग्नावशेष दरबारको सेरोफेरोमा सोही दरबारको पूर्णरुपसहितको नयाँ दरबार निर्माणगरी नयाँ पुस्ताकालागि सेनकालीन दरबारको स्वरुप अवलोकन गर्ने अवसर प्रदान गर्नुपर्ने विषय निकै सान्दर्भिक देखिन्छ । पाल्पा शेन वंशीय राजाहरुको राजधानी भए पनि पाल्पामा अहिले कहीकतै दरबार र भग्नावशेष समेत देख्न पाइदैन ।

» बाँकी ३ पेजमा

## साढे तीन सय मिटर सडक मर्मत नभएपछि सांसद विक धर्नामा




बुटवल । छविलाल विश्वकर्मा एमाले पदाधिकारी । उनी अहिले पार्टीको केन्द्रीय सचिव छन् । रूपन्देही–१ बाट निर्वाचित संघीय सांसद उनी पूर्व कृषि मन्त्री पनि हुन् । अहिले उनको पार्टी एमाले सत्तामा छ । पार्टी अध्यक्ष केपी ओली प्रधानमन्त्री छन् । अध्यक्ष केपी ओलीले नजिक ठान्ने विक मन्त्री हुने धेरैको आँकलन थियो । संयोग उनी मन्त्री हुन पाएनन् । एमाले वृत्तमा उनी दुई वर्षपछि कांग्रेस नेतृत्वमा सरकार बन्दा उनी मन्त्रीमा नछुट्ने ठानिन्छन् ।

तिनै विक शुक्रबार निर्माण व्यवसायीले सडक निर्माण बेलैमा नगरेको विषयमा सडकमै धर्ना बसे । प्रदेशसभा सदस्य आशिष चौधरी र रोहिणी गाउँपालिका अध्यक्ष विद्याप्रसाद यादवसहितलाई साथमा लिएर धर्ना बसेपछि उनको यो कदमलाई कतिपयले राम्रो भनेका छन् । कतिपयले सस्तो लोकप्रियता भनेका छन् । पार्टी सत्तामा भएको बेला प्रक्रियागत ढंगले कारबाहीका लागि सम्बन्धित कार्यालयको ध्यानाकर्षण गराउने र तालुक मन्त्रीको ध्यानाकर्षण गराएर तत्काल समस्या समाधान गर्न तिर लाग्नुपर्नेमा विषयलाई अतिरञ्जित गरेको भन्दै पार्टीभित्रका कतिपय नेताहरुले आलोचना गरेका छन् ।

**घटना के हो ?**

भैरहवा–भुमही सडक खण्डको सेमरहवामा साढे तीन सय मिटर सडक मर्मत नभएपछि उनी धर्नामा बसेका हुन् । गत चैत मसान्तसम्म निर्माण कम्पनीले काम गरिसक्नु पर्दथ्यो । निर्माण कम्पनीले काम गरेन् । डिभिजन सडक कार्यालयले पटक-पटक ताकेता गऱ्यो । कालोसूचीमा राख्नका लागि प्रक्रिया अघि बढाउन थालेको डिभिजन सडक कार्यालयका इञ्जिनियर महेश्वर लम्सालले बताए । असोज २ गते दुई दिनभित्र काम थाल्ने जानकारी निर्माण कम्पनीका ओमप्रसाद भण्डारीले सहमति गरे । असोज ४ गते शुक्रबार साढे दश बजेसम्म काम नथालेपछि संघीय सांसद विकसहितका जनप्रतिनिधि साढे १२ बजेदेखि ३ बजेसम्म धर्ना बसेका हुन् । डिभिजन सडक कार्यालय बुटवलले विशेष मर्मत शीर्षकअन्तर्गत २ वर्ष अगाडि ओमकार बिल्डस्सँग ६४ लाखमा ठेक्का सम्झौता गरेको थियो ।

निर्माण व्यवसायीले अबका १० दिनभित्र काम सम्पन्न गर्ने लिखित कागज गरेपछि धर्ना टुंगिएको छ । समयमा काम नगरेको भन्दै सडक डिभिजन कार्यालय बुटवलले ठेक्का रकमको १० प्रतिशत जरिवाना समेत लिइसकेको छ । लिखित सम्झौता गरेको १० दिनभित्र कालोपत्रे नगरे ठेक्का सम्झौता तोडेर निर्माण कम्पनीलाई कालोसूचीका लागि सिफारिस गर्ने डिभिजन सडक कार्यालय बुटवलका इञ्जिनियर लम्सालले बताए ।

## तिलौराकोट-लुम्बिनी बोधिवृक्ष कोरिडोर बन्दै

वृक्षरोपण अभियानले लुम्बिनीको पर्यटन प्रवर्द्धनसँगै वातावरण र जैविक विविधता संरक्षण तथा जलवायु परिवर्तनका असर न्यूनीकरणमा ठूलो योगदान पुग्ने छ ।



**टिआर शर्मा**

*बुटवल*

बुद्धको जन्मस्थल लुम्बिनीदेखि बुद्धले ज्ञान प्राप्त गरेको बोधगयासम्म बोधिवृक्ष कोरिडोर बनाउने लक्ष्यसहित पहिलो चरणमा तिलौराकोट-लुम्बिनी सडकको दुबैतर्फ वृक्ष रोपण गर्न थालिएको छ । ३२ कलोमिटर दुरीको यो सडक खण्डमा भारत र नेपालका वृक्षरोपण अभियान्ताहरु दुई दिनसम्म पैदल यात्रा गर्दै करिब एक हजार थान बिरुवा रोप्ने छन् ।

असोज ५ र ६ गते (आज र भोलि) दुई दिनसम्म तिलौराकोटदेखि लुम्बिनीसम्म पीपल, बर, पारिजात, गुलमोहर, निम, तुलसी, कपुरलगायत जातका करिब एक हजार बिरुवाहरु रोप्न लागिएको हो ।

पीपल, निम, तुलसी अभियान पटना भारत र जनकपुरधाम वन प्राविधिक समाजको आयोजना र तिलौराकोट साझेदारी वन उपभोक्ता समूहको सह-आयोजनामा वृक्षरोपण हुन लागेको हो ।

भारतको उत्तरप्रदेश, उत्तराखण्ड, हिमाञ्चल, उडिसालगायत प्रदेशबाट २५ जना र जनकपुरबाट २५ जनाको टोलीले विभिन्न जातका बिरुवा ल्याएर रोप्ने छन् भने तिलौराकोट साझेदारी वन उपभोक्ता समूहले करिब एक हजार बिरुवा उपलब्ध गराउने भएको छ । भारतीय टोलीको नेतृत्व डा. धर्मेन्द्र कुमारले गरेका छन् ।

यो अभियानमा कपिलवस्तुका कपिलवस्तु नगरपालिका, शुद्धोधन गाउँपालिका, मायादेवी गाउँपालिका, मायादेवी साझेदारी वन तथा रुपन्देहीका लुम्बिनी सांस्कृतिक नगरपालिका र लुम्बिनी साझेदारी वनले सहकार्य गरेका छन् ।

यो वृक्षरोपण अभियानले लुम्बिनीको पर्यटन प्रवर्द्धनसँगै वातावरण र जैविक विविधता संरक्षण तथा जलवायु परिवर्तनका असर न्यूनीकरणमा ठूलो योगदान पुग्ने आयोजकको विश्वास छ ।

कपिलवस्तु नगरपालिकाका प्रमुख सुदिप पौडेलले सरकारले लुम्बिनी-तिलौराकोट सडकलाई मायादेवी सुत्केरी मार्ग बनाउने योजना सरकारले अगाडि सारेको सन्दर्भमा यही सडकको दुबैतर्फ वृक्षरोपण गरी बोधिवृक्ष कोरिडोर बनाउँदा देशमै नमूना र हरियालीयुक्त सडक बन्ने बताए ।

» बाँकी ३ पेजमा




दैनिक लुम्बिनीको साप्ताहिक कोशेली
पाहुर
तपाईंका लागि...
२०८१ असोज ०५,गते शनिबार

**बिट्विन द लाइन्स्...**

"चाहे वनका रुखहरू होस्
चाहे भीरको ढुंगा यहाँ प्रत्येक
वस्तुमा कीर्ति खोपिएको छ,
इतिहास लेखिएको छ।"

– अजम्बरध्वज खाती

# धनसराको पेट दुखेको छ



**रामचन्द्र श्रेष्ठ**

गाडी खाल्डाहरू छल्दै पहाडी नागबेली बाटोमा उफ्रिरहेको थियो । चालक दाइ बडो होसियारी पूर्वक गाडीका चक्काहरू भत्केका बाटोहरू गुडाइरहेका थिए । म अगाडिको सीसाबाट भीरको बाटो, रुखो जमिन, जेठको सुख्खा पहाड र क्षितिजमा उडिरहेको धुलो हेरिरहेको थिएँ । मनभरि वडाध्यक्ष, प्रअ, स्वास्थ्य चौकीको इञ्चार्ज र गाउँलेहरूका गुनासाहरू गुञ्जिरहेका थिए ।

एउटा मोड कटेपछि तीनजना स्कुले विद्यार्थीहरू देखा परे । आकाशे रंगको सर्ट र निलो फ्रकमा दुईजना छात्राहरू थिए र निलो पाइन्टमा एकजना छात्र थिए । उनीहरू नजिक पुगेपछि हामीले गाडी रोक्यौ । सोधियो, "किन स्कुलको बिचमा हिंडेको ?" केटोले जवाफ दियो, "यसको पेट दुखेको छ त्यसैले घर हिंडेको ।"

मैले पेट दुखेको भनिएको केटीलाई हेरें । उनको अनुहार पीडाले एकै ठाउँमा खुम्चिएको थियो । उनले एक हातले पेट च्यापिरहेकी थिइन् । उनका आँखाहरूमा पीडा र भय देखिन्थ्यो । उनको अर्को साथी उसलाई समातिरहेकी थिई । केटाकेटीहरू त्यस्तै १२/१३ वर्षका देखिन्थे । उनीहरू अति नै दुब्ला पातला थिए ।

"आउँ गाडीमा बस हामी पुऱ्याइदिन्छौ ।" मैले गाडीको ढोका खोल्दै भने । उनीहरू अन्कनाए । मैले फेरि जोड गरेपछि बसे । कुरा गर्दा थाहा लाग्यो केटीहरू सात कक्षामा पढ्दै रहेछन् र केटो छ कक्षामा । पानी र बिस्कुट खान दिए पछि पेट दुखेको केटी बिस्तारै बोल्न थालिन् । उनी बोल्न थालिन्, यसो भनौ न एउटा युग बोल्न थाल्यो । एउटा कथा बोल्न थाल्यो । यो एक्काइसौं शताब्दीको समाजवाद उन्मुख मुलुकको एउटा दुखेको हृदय बोल्न थाल्यो । पेट दुखेर घर फर्किरहेकी ती केटीको विद्यालयदेखि घरसम्मको दुरी १ घण्टा ३० मिनेट पैदल दुरी हो । साथीको पेट दुखेर सँगै घर फर्किरहेका अरु दुईजनाको घर पनि त्यतै हो । उनीहरू यसरी नै हरेक बिहान ८ बजेतिरै गाउँबाट १५ मिनेटजति ओरालो झर्छन् । खोल्सा तर्छन् । मोडमा मोडिन्छन् र उकालै उकालोबाटो लाग्छन् । केही थुम्का उकालो कटेपछि विद्यालय आइपुग्छ । उनको विद्यालयमा लगभग ५ सय विद्यार्थी छन् । तिनलाई पढाउने १४ जना शिक्षकहरू छन् । विद्यालयका प्रअले बताउँदै थिए कक्षा ६ मा विद्यार्थीको संख्या बढ्छ । अन्य गाउँका प्राविका विद्यार्थी भर्ना हुन आइपुग्छन् । यो वरिपरिको भेगमा जम्मा दुईवटा मावि छ । अर्को मावि झनै टाढा छ । कक्षा ६ भन्दा माथिका विद्यार्थीहरू २ घण्टासम्म हिंडेर विद्यालय आउँछन् । प्रअले विवशता पोख्दै थिए, "दैनिक ४ घण्टा पैदल हिंड्ने विद्यार्थीले कसरी पढ्न सक्छ ? उसको शैक्षिक स्तर कसरी सुध्रिन्छ ?"पेट दुखेर घर फर्किरहेकी ती किशोरी धनसरा पुन हुन् । धनसरा र उनका साथीहरू अलि ठूलो पानी पऱ्यो भने विद्यालय जाँदैनन् । पानी पर्दा खोल्साहरू बढ्ने र पहिरोको डर हुन्छ । उसको त पानी उनीहरूको लागि समस्या हो । ठूलो पानी पर्नु पनि समस्या हो । त्यो भन्दा ठूलो समस्या उनको विद्यालयतिर पानी नै नहुनु हो ।

घोराही उप-महागरपालिकाको उत्तरी महाभारत पहाड शृंखलामा अवस्थित उक्त गाउँमा दिउँसो पुग्दै गर्दा सबैभन्दा सुरुमा देखापरेको दृश्य नै महिलाहरूले गाग्रीमा पानी बोकिरहेको दृश्य थियो । पानी नहुनुको दुःख सबैले बताए । वडाध्यक्षले पानी सुकेको र २० मिनेट तल पानी बोक्न परेको दुःख सुनाए । लिफ्टिङ गर्नको लागि बजेट नभएको र पालिकाले वडालाई बजेट नदेको दुखेसो पोखे । स्वास्थ्य चौकीका इञ्चार्ज अहेव पानी नहुँदा बिरामी र स्वास्थ्यकर्मीले भोगेको दुःखको कथा भन्न तम्तयार थिए । विद्यालयका प्रअले एक जना कार्यालय सहयोगीले २० मिनेट ओरालोको मुहानबाट कति पानी बोक्न सक्छ भनी प्रश्न गर्दै थिए ।

प्रअ कक्षबाट निक्कदै गर्दा विद्यार्थीहरू भलिबल खेल्दै थिए । विद्यालयमा वार्षिकोत्सवको प्रतियोगिता चलिरहेको थियो । स-साना नानीहरू खेल्दै थिए । दुईतीन जना दौड्दै आए । विद्यालयको पेटीमा राखिएको बाल्टी हेरे । बाल्टी खाली थियो । खाली बाल्टी देखेर उनीहरूको अनुहार बिग्रियो । अनि गाग्री हेरे । पींधमा थोरै पानी थियो । सकीनसकी जगमा खन्याए । आधा जग पानी तीन जना नानीहरूले पालैपालो बाँडेर खाएँ ।

एक्काइसौं शताब्दीको समाजवाद उन्मुख देशमा नानीहरूले अड्कलेर पानी पिएको दृश्य साह्रै कुरुप देखिंदोरहेछ ।

पानी परेपछि धनसरा विद्यालय जाँदैनिन् । अहिले उनी पेट दखेर घर फर्कदै छिन् । पेट धेरै कारणले दुख्न सक्छ । शायद उनी भोकै छिन् । भोकले पनि पेट दुख्छ । शायद उनको रजस्वला भएको छ । शायद उनी कुनै पानीजन्य रोगको संक्रमणमा परेको पनि हुन सक्छिन् ।

लगभग पौने घण्टा ओरालो झरे पछि एउटा खोल्सा तरियो । त्यसपछि एउटा गोरेटो उकालो लाग्थ्यो । धनसराले गाडी त्यहीं राकिदिन भनिन् । यो गोरेटो २० मिनेट उकालोमा उनको घर आउँछ । घर पुगेर उनी के गर्लिन् ? रुँदै आमालाई पेट दुखेको भन्लिन् । उनकी आमाले के गर्लिन् ? नजिकको स्वास्थ्य चौकी पनि हिंडेर डेढ घण्टा टाढा छ ? शायद खरानी फुकेर खान दिलिन् वा पटुका कसेर बस्न भन्लिन् ?

धनसरा उकालो चढ्न थालिन् । हामीले गाडी रोकेर एकछिन हेरिरह्यौं । लाग्यो एउटा गह्रौं भारी उकालो चढिरहेछ । लाग्यो यो युगको एउटा भारी प्रश्न उकालो चढिरहेछ ।

---

**निबन्ध**

# हिमालय

**श्रीऋषभदवशर्मा रेग्मी**

हिमालयका अग्ला अग्ला टाकुराहरूले नेपालको जुन अनुपम सौन्दर्यलाई बढाएका छन् त्यसको जति बयान गरे पनि थोरै नै हुन्छ । हिमालय मनिका काला नीला वन राजिले र अग्ला अग्ला देवदारुका सघतन वन पंक्तिले यसको शोभालाई झन द्विगुणित गराएको छ । हिमालय पश्चिम समुद्रदेखि पूर्व समुद्रसम्म लम्बायमान मानो पृथ्वीलाई नाप्न तेर्स्याएको मानदण्ड झैं रहेको छ । यसै हिमालयको मनोरम दृश्यमा मुग्ध भएर कविकुलगुरु कालिदासले कुमारसंभवको निर्माण गरेर आफ्नो प्रतिभा र व्युत्पत्तिको अपूर्व चमात्कर देखाएर आफ्नो मानव जीवनलाई सार्थक गराउनु भयो ।

कालिदासको ह्दयमा हिमालयको जुन छापा लागेको छ त्यो उहाँको प्रत्येक महाकाव्य, खण्डकाव्य र नाटकमा अमिटरुपल उत्रेको छ । हिमालयको वर्णनमा उहाँले कुमारसंभवको प्रथम सर्गमा जुन कुराहरूको कल्पना गर्नुभएको छ, त्यसबाट थाहा हुन्छ कि हिमालयका विषयमा आज पर्वतारोहण गर्ने व्यक्तिहरूले हिमालयका विषयमा जे जति अनुभव गरेका कुरा हामी कुमारसंभवमा उहाँले उल्लेख गर्नुभएको पाउँछौं । कुमारसंभवको प्रथम सर्गमा उहाँले प्रत्यक्षरुपले नै हिमालयको वर्णन गर्नु भएको छ, तर त्यति वर्णन गर्दा पनि उहाँको मनमा कति पनि तृप्ति नभएको देखिन्छ । कुमारसंभवमा शिव र पार्वतीको सम्बन्ध नै हिमालयसँग भएकाले पदपदमा त्यसको सौन्दर्यको अभिव्यक्ति अनेक भाव भंगीद्वारा जति गरे पनि त्यो नयाँ नयाँ कल्पनाले सजिएको हुनाले कत्ति पनि पुनरुक्ति हुन पाएको छैन ।

वास्तवमा कालिदास हिमालयको वर्णनबाट अतृप्त देखिनुहुन्छ । यो कुरा हामी उहाँको कृति रघुवंश, मेघदूत, र शकुन्तलाबाट पनि जान्न सक्तछौं । रघुवंश, मेघदूत, र शकुन्तलाबाट पनि जान्न सक्तछौं । रघुवंशमा उहाँ दिलीप राजालाई नन्दिनीको गोठालो बनाएर गङ्गाका छहराले मरकत मणि समान हरिया र सुकोमल घाँस भएका हिमालयका गह्वरनिर लैजानुहुन्छ । हिमालयको मनोरम दृश्यमा लट्ठीएका राजाको आँखाबाट जोगिएर सिंहले नन्दिनीमाथि आक्रमण गर्छ । देवदारुको वनले पनि उहाँलाई उत्तिकै पछ्याएको छ ।

सिंहको भनाइमा उहाँले सिंहलाई देवदारु वनको रक्षा गर्ने पाले बनाउनु भएको छ । भारतमा अरु पनि त ठूला ठूला वन थिए । दिलीपलाई नन्दिनीको गोठालो बनाएर हिमालयमै चराउन लाउनु हिमालय प्रतिको अनुपम भक्ति र श्रद्धा सिवाय अरु केही होइन कि जस्तो देखिन्छ । अर्थात् उहाँ अझ पनि हिमालयको वर्णन गर्नबाट तृप्त हुनु भएको छैन । हिमालयलाई उहाँ जति हेर्नु हुन्छ उति उति झन् झन् उहाँलाई हेरुँहेरुँ लाग्छ । जति जति वणृन गर्नु हुन्छ उति उति झन् झन् वर्णन गरेर अघाउनु हुन्न । मेघदूतमा पनि मेघलाई अलका पठाउँदा उहाँले पहिले उज्जैनतिर तर्काउनु भएको छ ता पनि विस्तारै उहाँ फेरि हिमालयकै गुण गानमा आफूले आफूलाई बिर्सनु हुन्छ । शकुन्तला नाटकले पनि हिमालयसँग नै सम्बन्ध राख्तछ । दिलीप गोठालो भएर हिमालयमा पुग्छन् त दुष्यन्त शिकारी भेषमा हिमाली प्रान्तमा उत्रन्छन् । हिमालय प्रतिको कालिदासको आस्था अरु कविको भन्दा बढी छ । हिमालयको मनोरम दृश्यले अनादिकालदेखि आजसम्म नजाने कति कति कविहरूलाई जन्मायो । यसको लेखो गरेर साध्य छैन । काश्मीरका क्षेमेन्द्र, कल्हण, मातृचेट, जगद्धर भट्ट र अरु हिमाली प्रदेशका कति कति कविहरूको मनमा यसको सौन्दर्यले कवि बन्ने प्रेरणा दियो होला । नेपालमै पनि जयदेव, नरेन्द्रदेव, अंशुवर्मा, रविगुप्त, बुद्धकीर्ति, धर्मपाल, प्रतापसिंह, इष्टिदास, धर्मदास, शिवदेव, चर्पटीपाद, शरभपाद, चन्द्रकान्ता, भिक्षुणी सुमति, गोल्हुजोशी वेल्हण, जुठादेव जोशी, विद्याकर, सुकृतिदत्तपन्त, वाणीविलास, लक्ष्मण, शक्ति वल्लभ, ललिता वल्लभ, अग्निधर, प्रेमनिधि, गौरीदत्त, मालाराम, सुन्दरानन्द, छविलाल, कुलचन्द्र, भानुभक्त, गुमानी, मोतीराम, शंभुप्रसाद, देवीदत्त, कालिदास, लक्ष्मीप्रसाद देवकोटा आदि अनेकौ कविहरू भएका छन् । कसै कसैको भनाइ छ भामह, उद्भट, रुद्रक, कुन्तक, वामन, आनन्द वर्धन, अभिनव गुप्त र मम्मट पनि काश्मीरी हुन् ।

हामी अहिले यस कुराको झट्ट लेखो लगाउन सक्तैनौ तर पनि यहाँका कविहरूको हृदयमा यसको जो अमिट छाप परेको छ, त्यसको अपलाप गर्न सकिदैन । हिमालय जस्ताको तस्तै नेपालको प्रहरी भएर रहीरहेछ । नव नव युगमा नयाँ नयाँ नवयुवक कविहरू नेपाल माताको काखमा खेल्ने सौभाग्य पाउने छन् । अतीतकालको यो ध्रुवसत्य सम्वन्धलाई कायम राखेर हिमालयतिर फर्केर अवश्य पनि नयाँ युगको गीत गाउने छन् ।

(वि.सं.२०१६ सालमा प्रकाशित 'हिमवत्संस्कृति' पत्रिकाबाट साभार)

---

**कविता**

## काठमाडौंलाई उल्टाई पल्टाई हेर्दा

**बुँद राना**

शहरको नाउँमा
एक दुईवटा
सडक भन्न
सुहाउने सडकहरू
एक दुईवटा
होटल भन्न
सुहाउने होटलहरू
सारांशमा
पुऱ्याउनु पर्ने हुनाले
पुऱ्याइएको टोटलहरू ।
टुँडीखेलमा फैलिएर
धरहरामा उठेको
पीपल बोटमा जुटेर
टुकुचामा फुटेको ।
हरेक साँझ
भुटन कचिला छोएला
सेकुवा र ऐला
पस्किन्छ र
प्रत्येक बिहान
रित्तो खल्ती छामी
झस्किन्छ !
इतिहासको धोधो धरहराको धुरीले
कति धानोस्
निकै गह्रुँगो पो छ त
युगको भार !
भागभूभाग र कोलाहल
बीच सुनाएको गुहार ।
(गोरखापत्र, सयवर्षका कविताहरू)

## मध्यम वर्ग

**शंकर भण्डारी**

बोकेर थकाई मनभरि
खेपेर अभाव निधारभरि
जो फर्कन्छ घर हरदिन
टाँसेर कृत्रिम मुस्कान ओठभरि
झुण्डाएर नक्कली खुशी आँखाभरि
आज होला, भोलि त होला
होला नि कुनै दिन
सम्झाएर आफैँलाई
निख्लो विश्वासले
बाँचिरहन्छ मध्यम वर्ग
जमिन छोडेर अलिकति माथि
आकाशको सिमाभन्दा निकै तल
अल्झिरहेको हुन्छ मध्यम वर्ग
पछाडि फर्कन नमिल्ने
अगाडि फड्कन नसक्ने
यात्राको मझधारमै बिग्रेको कुनै डुङ्गाजस्तै
रहरको पहाड बोकेर
सपनाको बिस्कुन सजाएर
कल्पनातित दुनियाँमा हराउँदै
घरदेखि कामसम्म
कामदेखि घरसम्म
आफैँलाई रित्ताइरहेको हुन्छ मध्यम वर्ग
सधैँ उकालो मात्र लाग्ने
बजारको ग्राफमा
निमुखा उपभोक्ता बनेर
श्रम र समय बेचेर
किनिरहन्छ आफ्नो गुजारा
कहिलेकाही बुझेर पनि
आफ्ना अथाह सम्भावना
कहिलेकाही चिनेर पनि
आफ्ना अनगिन्ती सिर्जना
थिचिएर परिवार र समाजको बोझले
चुपचाप-चुपचाप
लतारिरहन्छ जिन्दगीको गाडी
कहिल्यै कतै नपुगिने बाटोमा ओहोरदोहोर
छोराछोरीको स्कुल फि
बाआमाको दबाई
आफन्तहरूको निगरानी
साथीभाइहरूको प्रगति
समाजको आडम्बर
राज्यको उपेक्षा
सबैको मूल्य तिर्दातिर्दै
गुमनाम हराउँछ मधयम वर्ग
बस्ने एउटा आफ्नै घर
गुड्ने एउटा मोटरगाडि
यस्तै फुटकर आवश्यक्ता
त्यो भन्दा धेरै
प्रत्येक दिन
प्रत्येक महिना
तिर्नेपर्ने बिलहरूको चिन्ता
बश यत्तिमै समेटिन्छ मध्यम वर्ग
कहिलेकाही पुलकित हुन्छ
कुनै अनिश्चित आशाले
कहिलेकाही भरोसा गर्छ
कसैको निगाहको पनि
साँझ ढल्दानढल्दै
फेरि फर्कन्छ घर
पोको पारेर
उहि रित्तो उपलब्धि
थपिएको चिन्ता
टुटेको मन
फुटेको भाग्य
सिसपस जस्तो नियति
बाँच्ने बहानाका उपक्रमहरू
यसैमा अस्ताउँछ मध्यम वर्ग
मानौ, ऊ कहिल्यै उदाएकै थिएन
मानौ, ऊ कहिल्यै अस्तित्वमा थिएन
यहि मध्यम वर्ग हो लुटिने
मन्दिर, मस्जिद, चर्च र गुम्बाहरूमा
यसैलाई हो लुट्ने सरकारहरूले पनि
यहि वर्ग हो जसले जन्माउँछ अरबपतिहरू
अनि शासित हुन्छ यिनिहरूबाटै
यसैले चलाउँछ मल र मल्टिप्लेक्सहरू
सँधै पिसिईरहने
सँधै पेलिईरहने मध्यम वर्ग
जो पिंजडाभित्र
जीवनगीत गाउँछ

# ऋतु संस्कृति: वैदिक एकाष्टका र कृष्णाष्टमी

**गौतमवज्र बज्राचार्य**

(हाम्रो भूमि विभिन्न संस्कृतिको संगमस्थल हो । त्यसैले हाम्रा चाडपर्व, संस्कार र रीतिथितिमा फरक फरक संस्कृतिको संगम देखिन्छन् । संस्कृतिको निर्माण मान्छेको उत्पादन कर्म, उसको भूगोल र पर्यावरणसँग अभिन्न ढंगले गाँसिएको हुन्छ । हाम्रा चाडपर्व, संस्कार र रीतिथितिका जरा के हुन् ? यिनको उद्‍गमको कथा के थिए ? त्यसमा कसरी परिवर्तन हुँदै आए ? सम्भवतः यस्ता प्रश्नहरूमा हामी कमै मात्र घोत्लिन्छौं । बजारले उपभोक्तामा सीमित पारिदिएका छौं । मान्छेको अमानवीयकरण भईरहेको र मान्छे पूर्ण उपभोक्तामा परिणत भईरहेको बेलामा संस्कृतिका जराहरूतर्फ फर्कनु, त्यसमा चिन्तन गर्नु, त्यसका परिवर्तनका नियमहरूको खोजी गर्नु र सामयिकताको सान्दर्भिकतासँग बहस गर्नु पक्कै पनि मानवताको रक्षाको लागि आवश्यक नै होला । यसै सन्दर्भमा पाहुरको यो अंकमा हिमसंस्कृति र ऋतुसंस्कृतिबारे विषद् अध्ययन गरिरहनुभएका विद्वान गौतमवज्र बज्राचार्यको यो आलेख प्रस्तुत गरिएको छ । यो आलेख संवत् २०७७को जगदम्बा श्री तथा मदन पुरस्कार समर्पण समारोहमा बज्राचार्यले दिनुभएको विद्वत् प्रवचन हो । प्रवचनलाई सामान्य सम्पादन गरिएको छ ।)

ऋतु शब्दको साधारण माने मौसम हो तापनि वर्ष ऋतु सबभन्दा महत्त्वपूर्ण ऋतु भएको हुनाले वैदिक साहित्यमा झरी वर्षाद शुरु भयो र हरियो घाँसपात उम्रन थाल्यो भनेर वर्णन गर्दा खेरि ऋतावागते "ऋतु आएपछि" भनेर लेखिएको पाइन्छ । त्यसैले वर्षा ऋतुसँग सम्बन्ध राख्ने संस्कृतिलाई मैले ऋतुसंस्कृति भन्ने गरेको हुँ ।

ईस्वी पूर्वा पन्ध्रौं शताब्दीतिर संस्कृत बोल्ने वैदिक आर्यहरूको भारतमा आगमन हुनुभन्दा पनि पहिले हिमालयको दक्षिण भागमा यस संस्कृतिको जग बसिसकेको थियो । यो पुरानो संस्कृति अहिले पनि जीवित छ । भौगोलिक वातावरणको आधारमा बनेको हुनाले धर्म अथवा राजनैतिक सीमासँग यसको सम्बन्ध थिएन र छैन । ग्रीष्म ऋतुको अन्त्यमा पानी पर्न थालेपछि उम्रेका घाँसपात र अनाजको आधारमा गाईवस्तु पाली जीविका गर्ने दक्षिण एशियाको प्राचीन मानव संस्कृति हो यो । यहाँ जन्मेका र हुर्केका विभिन्न धार्मिक परम्परा र विचारधारा यही संस्कृतिका उपज हुन् । भारत र नेपालको संस्कृतिमा देखिने समानता पनि यतैबाट शुरु भएको हो ।

वैदिक साहित्य दक्षिण एशियाको सबभन्दा पुरानो साहित्य भएको हुनाले यस साहित्यमा पाइने ऋतुसंस्कृतिसँग सम्बन्ध राख्ने विषयहरू अन्वेषणको लागि सबभन्दा बढी उपयोगी भएका छन्, तर विचारणीय कुरो के छ भने आफूलाई आर्य भन्ने वैदिक मान्छेहरूको मूलघर हिन्दुकुश पर्वतशृङ्खलाको पश्चिमतिर थियो । तीन चार महिनासम्म राम्रोसँग घाम नलाग्ने, दिनका दिन भने जस्तै हिमपात हुने, हिउँ पग्लेपछि मात्रै खेती शुरु हुने चिसो देशबाट उनीहरू आएका हुन् । यस्तो चिसो ठाउँमा लामो समयसम्म जीवजन्तुहरू पनि हिउँबाट ज्यान जोगाउनको लागि झारपातभित्र, ढुङ्गाको खोँचमा अथवा भुँइभित्र लुकेर बस्छन् । वसन्त ऋतुको घामको हिउँ पग्लँदै गएपछि घाँस पलाउन थाल्छ । अनि गाईवस्तुहरू गोठबाट बाहिर आउँछन् र खुशी भएर उफ्री-उफ्री नाच्छन् । यस्तो जाडो देशमा अग्नि र सूर्यको ठूलो महत्त्व हुनु स्वाभाविकै भयो । यी देवताहरूको वर्णन वैदिक साहित्यमा जताततै पाइन्छन् । यो त हिमसंस्कृतिको कुरो भयो ।

यस्तो संस्कृतिमा हुर्केका आर्यहरू उत्तर भारतमा बस्ती बसाएपछि मात्रै ऋतुसंस्कृतिसँग परिचित हुन थाले । हिउँ पर्दाखेरि आगो बालेर घरभित्र बस्नुपर्ने समस्या यहाँ भएन, तर यहाँको समस्या अर्कै रहेछ भन्ने कुरा बुझ्न उनीहरूलाई धेरै समय लागेन । हिउँदामा होइन कि ग्रीष्म ऋतुमा गाईगोरुलाई हरियो घाँस दुर्लभ हुने तथा वर्षाद शुरु भएपछि जताततै हरियो हुने देखेपछि उनीहरूले वर्षा ऋतुको महत्त्व थाहा पाए । वर्षा अरु ऋतु जस्तो होइन, यो अनियमित छ, कहिले ढिलो आउँछ, कहिले आउँदै आउँदैन र गाईगोरुहरू मात्र होइन अरु जीवजन्तुहरूलाई पनि मुश्किल पर्छ भन्ने कुरा ऋग्वेद र अथर्ववेदको रचना हुँदाखेरि नै उनीहरूले अनुभवद्वारा सिकिसकेका थिए । त्यसैले वैदिक साहित्यमा हिमसंस्कृति र ऋतुसंस्कृतिसँग सम्बन्ध राख्ने दुवै कुरा पाइन्छन् । ऋग्वेद सबैभन्दा पुरानो वैदिक ग्रन्थ भएको हुनाले यसमा ऋतुसंस्कृतिका कुरा कम छन् किनकि नयाँ बसोवासको हावापानी बुझ्न वैदिक आर्यहरूलाई केही समय लागेको थियो ।

हिमपात हुने देशमा अरु जीवजन्तु जस्तै भ्यागुता पनि हिउँदभरि भुइँभित्र लुकेर बस्छन् । वसन्त ऋतुको घामले हिउँ पगालेपछि मात्र भुइँबाट बाहिर आउँछन् र ट्वार्र ट्वार्र कराउन थाल्छन्, तर दक्षिण एशियामा चर्को घामबाट बँच्न भ्यागुता ग्रीष्म ऋतुभरि भुइँभित्र लुकेर बस्छ वर्षाद शुरु हुनासाथ बाहिर आउँछन् र कराउन थाल्छन् । दक्षिण एशियाका प्राचीन मान्छेहरूको विचारमा पानी परेपछि भ्यागुतो कराउने होइन, भ्यागुतो कराएपछि पानी पर्छ भन्ने थियो । यसरी भ्यागुतो पानी पार्न सक्ने देवताको रूपमा परिवर्तन भयो । वर्षादमा पानी परेपछि हरियो घाँसपात प्रशस्त पाइने र गाईवस्तु सजिलैसँग हुर्कने हुनाले भ्यागुतोको प्रार्थना गर्‍यो भने गोधनको समृद्धि हुन्छ भन्ने विचार ऋग्वेदको मण्डूकसुत्रमा स्पष्टसँग उल्लेख भएको छ । दक्षिण एशियाको ऋतुसँग सम्बन्ध राख्ने यो पुरानो विचार हिमसंस्कृतिमा हुर्केका वैदिक आर्यहरूको मौलिक विचार हुनु सम्भव छैन । वास्तवमा ऋग्वेदको रचना भएको समयदेखि नै वैदिक आर्यहरूले ऋतुसंस्कृतिका केही महहत्त्वपूर्ण रीतिरिवाज पूर्णतया अपनाइ सकेका थिए भन्ने कुराको उदाहरण हो यो ।

भ्यागुतो कराउने समयमा वैदिक आर्यहरूको वार्षिक पठनपाठन शुरु हुन्थ्यो । पछि गएर यो परम्परा उपाकर्म (वेद पढ्ने दिनको प्रारम्भ)को नामले प्रसिद्ध भयो । अहिले पनि श्रावण शुक्ल पूर्णिमाको दिन ब्राहम्णहरूको उपाकर्म गर्ने चलन कतै गएको छैन तर आश्चर्यको कुरा के छ भने यही पूर्णिमाको दिन नेवारहरू भ्यागुताको पूजा गर्छन् र भ्यागुतोलाई गेडागुडी चढाउँछन् । नेवारीमा यो दिनको नाम व्याँचा नकेगु 'भ्यागुतालाई खुवाउने' दिन भन्ने चलन छ । मैले फ्रग हाइम्स् एण्ड रेन बेबिज् भन्ने ग्रन्थ लेख्दा नेवारहरूको यो चलन र उपाकर्म एकैदिन पर्नु काकताली हुन सक्दैन भन्ने लागेको थियो बलियो प्रमाणको अभावमा विशेष जोड दिएर लेख्न सकेको थिइन, तर हालैको मेरो अनुसन्धान अनुसार दईवटा महत्त्वपूर्ण कुरा पहिलेभन्दा निकै बढी स्पष्ट भएका छन् । पहिलो कुरा, ऋग्वेद आदि प्राचीन ग्रन्थको निर्माण भएको वेलामा श्रावणशुक्ल पूर्णिमा अथवा जनैपूर्णिमा आजभोलि जस्तो वर्षादको अन्त्यमा होइन कि उठानमा पर्दथ्यो । त्यसैले हरियो घाँस उम्रन थालेपछि उपाकर्म गरिनु पर्छ भनेर कुनै कुनै वैदिक ग्रन्थमा स्पष्टतया लेखिएको पाइन्छ । श्रावण शुक्ल पूर्णिमा पछि लगत्तै आउने भाद्र महिना वर्षा ऋतुको पहिलो महिना थियो भन्ने कुरा रामायण जस्तो पुरानो संस्कृत ग्रन्थबाट पनि बुझ्न सकिन्छ । दोसो कुरो गाई पाल्ने प्राचीन गोठालाहरूको जीवनचर्या र विचारसँग सम्बद्ध छ । शरद ऋतु आउनुभन्दा केही दिन अघि गाईले पेट बोक्यो भने वर्षा ऋतुको प्रारम्भमा हरियो घाँस प्रशस्त पाइने वेलामा ब्याउँछ र गाई र बाच्छोको स्वास्थ्य राम्रो हुन्छ भन्ने उनीहरूको विचार थियो । त्यसैले उनीहरू गाई गोरूलाई एकै ठाउँमा राख्दैन थिए । शरद ऋतु आउनुभन्दा केही दिन अघि मात्रै वृषोत्सर्ग भन्ने विधिविधान गरेर गोरूलाई छाडिदिन्थे । वृषोत्सर्गको दिन आजभोलि तिहारमा पर्छ । नेवारहरू यही दिन नेपाल संवतको उठान मानी डिम्ब अर्थात आमाको पेटमा भरखरै जन्म लिएको बच्चाको प्रतिनिधित्व गर्ने देवता जम्भललाई त्यही नामको ठूलो फलको रूपमा पूजा गरेर हपूजा मनाउँछन् ।नेपालीमा यो दिनलाई गोरूतिहार भन्ने चलन छ । तिहारमा पेट बोकेको गाई २८३ दिनपछि जनैपूर्णिमा अथवा गाईजात्रातिर ब्याउँछ । वास्तवमा गाईजात्रा गाईले बाछो पाउने दिनको उत्सव हो । त्यसैले गाईजात्राको दिन केटाहरू गाईको मुकुन्डो लगाएर बाछोको रूपमा शहर परिक्रमा गर्छन् । तिहारदेखि गाईजात्रासम्मको समयावधिलाई प्राचीन वैदिक ग्रन्थहरूमा संवत्सर भन्ने चलन थियो । संवत्सरको शाब्दिक अर्थ संवत्सर "राम्रो बच्चा (पेटमा) भएको वेला" भन्ने हुन्छ । संवत्सरको अन्त्यमा भ्यागुता कराउन थालेपछि वेदको अध्ययन सुरु हुन्छ भनेर ऋग्वेदमा लेखिएकै छ । यस कारण उपाकर्मको दिनमा भ्यागुतोलाई गेडागुडी चढाउने नेवारहरूको चलन काकताली हुनुको सट्टा वेद भन्दा पुरानो ऋतुसंस्कृतिको परम्परा नेवार संस्कृतिमा अझैं पनि बाँचिरहेको छ भन्ने कुराको ज्वलन्त उदाहरण हो । अन्वेषणको सिलसिलामा सबभन्दा पछि पत्ता लागेको ऋतुसंस्कृति सम्बन्धी एक नयाँ कुरो गाईजात्राको सात दिनपछि हुने एकाष्टका भन्ने वैदिक विधिविधान र कृष्णाष्टमीको बारेमा छ । माथि बताए जस्तै गाईजात्राको दिन बाच्छोको रूपमा मुकुन्डो लगाएर आउने आठ-नी वर्षका केटाहरूसँगै एक वर्ष पनि नपुगेको सानो बालकलाई पनि कृष्ण जस्तै सिँगारेर बाबुआमाहरूले बोकेर गाईको बाच्छोसँगै शहर घुमाउने चलन छ । गाईजात्रा भाद्र महिनाको पहिलो दिन मनाइन्छ । त्यसैले भाद्र महिना प्राचीन कालगणना अनुसार वर्षादको उठानमा पर्‍यो भन्ने कुरा मनमा राखेर विचार गरी हेर्दा गाईजात्राको दिनसँग कृष्णको सम्बन्ध धेरै पुरानो हुनुपर्छ भन्ने देखिन आउँछ । झण्डै बिर्सिसकेको कृष्ण र बसुदेवको पुरानो कथा अनुसार कृष्णको पिताजीको नाम आनकदुन्दुभि हो । आनकदुन्दुभि भनेकै वसुदेव हुन भनी अमरकोशमा लेखिएको छ तर पाली साहित्यअनुसार आकाशमा आफैं बज्ने नगरा जस्तो वर्षा ऋतुमा गर्जने बादलको नाम आनकदुन्दुभि हो । यसको शाब्दिक अर्थ हावामा बज्ने नगरा हो ।

त्यसैले यस्तो नगरा बजेपछि बादल गर्जन्छ र पानी पर्छ भन्ने भावको करो पाली साहित्यमा मात्र होइन कि वैदिक ग्रन्थहरूमा पनि लेखिएको छ । बच्चा जन्मनासाथ अनेक कारणले गर्दा उनीहरूको मृत्यु हुने सम्भावना धेरै भएको हुनाले बच्चा जन्मेको केही दिनपछि मात्रै उनीहरूको जन्मजयन्ती मनाउने पुरानो चलनअनुसार वैदिक कालमा वर्षादको उठानमा जन्मेका बाच्छाहरूको स्वास्थ्यको लागि उनीहरू जन्मने दिन भनेर मानिएको गाईजात्राको दिनभन्दा सातदिनपछि एकाष्टका भन्ने रिच्युल (विधिविधान) गर्थे यो दिन कृष्णाष्टमीमा पर्छ । यसैले बच्चा देवता हुन् देवता बच्चा हुन् भन्ने विचार अनुसार कृष्ण गाईको बाच्छो जस्तै वर्षादको उठानमा जन्मेका देवता हुन । झरीवर्षासँगै सृष्टि शुरू हुन्छ र त्यसैवेला विश्वरूपी महापुरुष बच्चाको रूपमा जन्मन्छ भन्ने कुरा अथर्ववेद (१९.६.११)मा लेखिएकै छ । पछि गएर यिनै महापुरुष कृष्णको रूप परिवर्तन भयो । भगवद्‍गीतामा वर्णन गरिएको कृष्णको विश्वरूप ऋग्वेद र अथर्ववेदहरूमा उल्लिखित पुरुषसूक्तको विकसित रूप हो । प्रवचन सिध्याउनुभन्दा अघि भनिहाल्नुपर्ने कुरो के छ भने धेरै जसो पाश्चात्य विद्वानहरूको विचारमा एकाष्टका मार्ग महिनामा पर्छ भन्ने छ । यो कुरा साँचो हो तापनि एकाष्टका मार्ग महिनामा मात्रै होइन कि वर्षादको शुरूमा पनि मनाइन्थ्यो ।

त्यसैले यसको नाम अपरा (अर्को) एकाष्टका भन्ने थियो । यो कुरो हालैको मेरो अन्वेषणबाट पत्ता लागेको हो । प्रकाशित हुन लागेको अंग्रेजीमा लेखेको लामो लेखमा मैले यस विषयमा विस्तारपूर्वक लेखेको छु । देवता बच्चाको रूपमा जन्मन्छ भन्ने वैदिक अथवा प्राग्वैदिक विचार भारतमा धेरै शताब्दी अघि नै हराइसकेको छ तर काठमाण्डौं उपत्यकाको नेवार संस्कृतिमा, विशेष गरी वार्षिक महास्नानको विधिविधानमा, यो विचार अझै जीवित छ । भ्यागुतोलाई पूजा गर्ने दिनको भोलिपल्ट गाईले बाछो पाउने दिनमा सानो बच्चालाई कृष्ण जस्तै सिँगारेर शहर घुमाउने चलन त्यही पुरानो विचारको अभिव्यक्ति हो । नेवार संस्कृति र वैदिक साहित्य सम्बन्धी यो मेरो प्रवचन कतिलाई अनौठो लाग्न सक्छ किनभने यस विषयमा कसैले केही लेखेको पाइँदैन । वैदिक साहित्यको अध्ययन गर्ने पाश्चात्य विद्वानहरू अक्सर गरेर नेवार संस्कृतिसँग अपरिचित छन् । त्यसैगरी नेवार संस्कृतिमा अभिरूचि लिने व्यक्तिहरू वेद पढ्दैनन्, तर वैदिक साहित्यमा पाइने ऋतुसंस्कृतिसँग नेवार परम्पराको तुलनात्मक अध्ययन गरी हेर्दा धेरै महत्त्वपूर्ण कुराहरू प्रकाशमा आएका छन् ।



## बोलपत्रहरु स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८१/०६/०५**

यस शाखा कार्यालयबाट मिति २०८१/०३/३० गते दैनिक लुम्बिनी पत्रिकामा प्रकाशित सूचना बमोजिम विद्युतिय माध्यमबाट नियमानुसार पेश हुन आएका बोलपत्रहरू मध्ये न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही तपसिलमा उल्लेखित बोलपत्रदाताहरुले पेश गरेको बोलपत्रहरु स्विकृतिको लागि छनौट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र (३) को प्रयोजनार्थ आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम, ठेगाना | कबोल रकम मु.अ.कर बाहेक(रु.) |
|---|---|---|---|---|
| १. | NWSCBTL/HDPE/NCB /07/080/081 | Suppy & Delivery Of HDPE Pipe | श्री साकुरा पाईप उद्योग, बुटवल, रुपन्देही | रु. २३,४७,९१०।- |
| २. | NWSCBTL/FITTINGS/NCB /08/080/081 | Suppy & Delivery of Pipe fittings and Electrical Material | श्री इन्टर ट्रेड नेपाल प्रा.लि., विराटनगर, मोरङ्ग | रु. १८,३३,७५०।- |

खानेपानी नेपाल संस्थान २०४६

**नेपाल खानेपानी संस्थान**

शाखा कार्यालय, बुटवल


### बटौलीलाई...

शक्तिशाली राज्य र राजधानीको कुनै पहिचान देख्न नपाइने अवस्थालाई फूलबारी क्षेत्रको यो गृष्मकालीन दरबारको भग्नावशेष अत्यन्तै महत्व राख्ने सम्पदा पनि हो । यहाँको जीतगढी किल्ला र मननारायण मन्दिर एवं फूलबारीको सम्बन्ध अत्यन्त प्रगाढ र महत्वपूर्ण रहेकोले यो सम्बन्धलाई मजबुत बनाउन पहल गर्ने कार्यक्रम र योजना आवश्यक देखिन्छ ।

झण्डै सवा दुई सय वर्ष पुरानो मननारायण मन्दिरको महत्व र गरिमा अनि आस्थाको थप विस्तार गर्न मननारायण रथ यात्रालाई विस्तार गरी बुटवल बजारदेखि मणिग्रामसम्म पुर्‍याउने व्यवस्था मिलाउने साथै मन्दिर परिसर नजिकबाट बग्ने तिनाउ नदी (तिलोत्तमा नदी) किनारमा आरतीप्रारम्भ गर्ने व्यवस्था गर्ने हो भने यसवाट बटौली बजारमा चहलपहल बढ्ने साथै आर्थिक गतिविधिमा चलायमान आउने देखिन्छ । यसको व्यवस्थापनका लागि मन्दिरकै नाममा विभिन्न स्थानमा रहेका गुठी जग्गाको आम्दानीबाटै गर्न सकिन्छ । यस कार्यमा वडा र नपाको चासो बढ्‍ाउनु पर्ने देखिन्छ ।

निमचोक तत्कालिन व्यापार व्यवसायको प्रमुख थलो रहेको देखिन्छ । बुटवल वजारको विकास हुनु अगावै यही बटौली बजारलेनै व्यापारमा ठूलो योगदान गरेको थियो । यो बजार र यहाँबाट व्यापार बढाउने कार्यमा र निम चोक निर्माणमा मनराज फौजदार (मणिराज) को योगदान रहेको देखिन्छ । तर यसको तथ्य स्पष्ट पार्नकालागि हालसम्म कुनै अध्ययन गरेको पाइदैन, तर अब यसको आवश्यकता देखिन्छ । मनिराज फौजदार भिमसेन थापाले सेनाकालागि रसदपानी व्यवस्थाकालागि पठाएको हो वा अमरसिंह थापाले आफूसँगै काठमाडौँबाट लिएर आएको हो भन्ने बारे फरकफरक भनाइहरु पाइन्छ । तर उनी बटौलीमा रहँदा बटौली बजारको रक्षाका साथै जितगढी युद्धमा गरेको योगदानको स्मरण गर्दै ऐतिहासिक संग्रहयुक्त पुस्तक प्रकाशन र निमचोकमा उहाँको अर्धकदको शालिक स्थापनामा पहल गनुपर्ने पक्ष पनि सान्दर्भिक देखिन्छ । किनकी व्यापार गर्नेहरु पनि राष्ट्रकालागि योगदान गर्न सक्छन् भन्ने गतिलो उदारण बन्न सक्छ । यसबाट निजी क्षेत्रको मनोबल उचो बनाउन भूमिका खेल्नेछ ।

बटौली बजारमा रहेका झण्डै ५ दर्जन घरहरु सम्पदायुक्त घरहरु छन् । यी घरहरुकै कारण बटौली बजार हेरिटेज सिटीको रुपमा विकास हुन सक्ने आधारहरु हुन् । बुटवल उप-महानगरपालिकाले तत्काल भवन निर्माण कार्यविधि बनाइ लागु गर्ने तत्परता देखाउने हो भने बटौली बजार विशेष संरक्षित सांस्कृतिक र ऐतिहासिक क्षेत्र बन्नेछ । यसबाट पर्यटन क्षेत्रमा ठूलो फड्को मार्नेछ । बुटवल उप-महानगरपालिकाको आम्दानीमा वृद्धि हुनेछ ।

यसर्थ उप-महानगरपालिकाले यो क्षेत्रको विशेषता बेग्लै भएको(जंगलको नजिक, फूलबारीको नजिक, जितगढीको नजिक, नदी किनार नजिक र धार्मिक आस्थाको पुरानो मननारायण मन्दिर , गणेश मन्दिर तथा अन्य धार्मिक स्थलहरु भएको) पहिचान गरी महत्वकासाथ विशेष कदम चाल्न आवश्यक देखिन्छ ।

बुटवल उप-महानगरपालिकाले चालु आवका लागि पर्यटन विकास र प्रवर्द्धन नीति समेत सफल बनाउनका लागि बटौली क्षेत्रले नै प्रमुख भूमिका निर्वाह गर्न सक्छ । यसर्थ यस्ता रचनात्मक सुझावहरुको समयमै ग्रहणगरी कदम चाल्नु उचित हुनेछ ।

पाल्पा सरोकार समाजका अध्यक्ष न्यौपाने सम्पदा संरक्षणमा रूची राख्छन् ।

### तिलौराकोट...

'यो अभियानलाई निरन्तरता दिएर बोधिवृक्ष प्रजातिका रुखैरुखको हरियाली हुँदा यो सडक साँच्चिकै नमूना बन्न सक्छ, यसले पर्यटक र सडक प्रयोगकर्तालाई छहारी र शितलता दिन्छ र पर्यटकको बसाई लम्ब्याउँछ ।'-नगर प्रमुख पौडेलले भने ।

तिलौराकोट साझेदारी वन उपभोक्ता समूहका अध्यक्ष जयप्रकाश पाण्डेयले वृक्षरोपण अभियानले सडकलाई हरियालीयुक्त र मनोरम बनाउनुका साथै लुम्बिनीको पर्यटन प्रवर्द्धन, वातावरण र जैविक विविधता संरक्षणमा ठूलो योगदान पुग्ने बताए । 'सडकको दुबैतर्फ तीनसयदेखि ५ सय मिटरको दुरीमा पीपल, बर, पारिजात, गुलमोहर, निम, तुलसी, कपुर, जग्रेण्डालगायत जातका करिब एक हजार बिरुवा रोप्दै छौं, यसबाट सडक क्षेत्रमा पर्याप्त अक्सिजन उत्सर्जन भई जैविक विविधता संरक्षणमा राम्रो प्रभाव पर्छ,' पाण्डेय भन्छन्-'वृक्षरोपण अभियानलाई निरन्तरता दिँदै बुद्धले ज्ञान प्राप्त गरेको बोधगयासम्मै बोधिवृक्ष कोरिडोर बनाउने लक्ष्य छ ।'

लुम्बिनी विकास कोषका वरिष्ठ प्रशासकीय अधिकृत ज्ञानिन राईले तिलौराकोटा-लुम्बिनी हुँदै बोधगयासम्म बोधिवृक्ष कोरिडोर निर्माणको योजना साँच्चिकै कार्यान्वयन हुने र रोपिएका बिरुवा संरक्षण हुने हो भने लुम्बिनीको पर्यटन प्रवर्द्धनमा कोसेढुंगा सावित हुने बताए । 'बुद्धको जन्स्थलदेखि ज्ञान प्राप्ति स्थल बोधगयासम्म बोधिवृक्ष कोरिडोर बनाउने अवधारणा बौद्ध पर्यटन प्रवर्द्धनसँगै विश्वकै चुनौती बनेको जलवायु परिवर्तनका असर न्यूनीकरणमा पनि ठूलो महत्व राख्ने उदाहरण बन्नसक्छ,' राईले भने-'बिरुवा रोपेपछि तिनलाई संरक्षण गर्नु र हुर्काउनु महत्वपूर्ण हुन्छ ।'

यो अभियानमा अहिले लुम्बिनी विकास कोष नजोडिएपनि भविष्यमा ठोस प्रस्ताव आए जोडिएर सहकार्य गर्न तयार रहेको बताए ।



## Malika Rural Municipality

**Arkhawang, Gulmi**

**Invitation for Bids**

***Date of publication: 20-September, 2024***

1. Malika Rural Municipality, Arkhawang, Gulmi invites electronic bids from eligible bidders for the procurement of worksas specified below under.
2. A complete set of Bidding Documents may be purchased from the office Malika Rural Municipality Arkhawang, Gulmi by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee as specified below till the respective dates. Electronic Bidding Document is available online and can be downloaded from PPMO's website http://www.bolpatra.gov.np/egp, The Bidders have to download the necessary part of bidding documents, prepare their bid and submit electronic bids as specified in the Instructions to Bidders. The Bidder shall be required to deposit the non-refundable fee as specified below and electronic scanned copy (pdf format).

**Information to deposit the cost of Bidding Document in Bank:**

Name of the Office: Malika Rural Municipality, Arkhawang, Gulmi.

Name of Bank: Global IME Bank Ltd. (Branch of Malika Gulmi)

Office Account No: **36004010000006**

**Account Name: Ga-1.1 Antarik Rajaswo Khata (Malika Ga. Pa.)**

3. Bids must be submitted to the office before respective dates. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders representatives who choose to attend at **respective date and time** at the office of Malika Rural Municipality, Arkhawang, Gulmi
5. Bids must be valid for a period of (A/C to bid documents) days counting from the day of bid opening and must be accompanied by bid security amounting as stated below deposited at (StaniyaTahaDharautiKhata (malikaga pa), A/CNo.: **36004010000004**) on behalf of Malika Rural Municipality, Arkhawang, Gulmi or bid bond authorized from a recognized commercial bank of Nepal, which shall be valid for minimum 30 days beyond the bid validity period.
6. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
7. Incase confusion contact on 9857067906,9851129149,within office time.The name, identification number and other details of the contracts are as follows:

| S.N. | Contract Name | Identification No. | Estimated Amount inclusive of VAT | Bid Document Fee (NRS) | Bid security Amount (NRS) | Last Date of Bid Submission | Bid Opening Date | Mode |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction of Phulwari Chorkate Arjai Boma Neta Bhimgithe Road | OMRM-GUL-W-NCB-10- 2081/082 | 48,53,930/- | 3,000/- | 1,25,000/- | 20-10-2024 12:00 | 20-10-2024 13:00 | Online |
| 2 | Construction of Neta Darling Hwangdi Gangare Road 1 2 3 | OMRM-GUL-W-NCB-11- 2081/082 | 38,06,690/- | 3,000/- | 1,00,000/- | 20-10-2024 12:00 | 20-10-2024 13:00 | Online |

**Chief Administrative Officer**




**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्क:

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

**फोन: ९८५७०५८८१३,९८०७१८०८१३**

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

# गुणस्तर थप राम्रो बनाएर हैदराबादी बिरयानी पुनः सञ्चालनमा




बुटवल । बुटवल नेपालगञ्जरोडको हैदराबादी बिरयानी सेन्टर पुनः सञ्चालनमा आएको छ । गत भदौ २० गते बुटवल उप-महानगरपालिकाको टोलीले अनुगमन गर्दा भान्सा (किचन) मा सरसफाइ सुधार गर्न निर्देशन दिएको थियो ।

सोहीअनुसार सेन्टरले केही दिन बन्द गरी किचनलाई आधुनिक र सरसफाइयुक्त बनाएपछि उप-महानगरको अनुगमन टोलीले शुक्रबार पुनः अनुगमन गर्दा धेरै राम्रो सुधार भएको भन्दै सञ्चालन गर्न भनेको हो । होटलले मापदण्डअनुसार भान्सा सुधार गरेपछि सञ्चालनको लागि अनुमति दिइएको उपमेयर सावित्रादेवी अर्यालले जानकारी दिइन् ।

अनुगमनको क्रममा भान्सा सफा र व्यवस्थित पाइएको उनको भनाइ छ । 'हामीले कुनै व्यवसायीलाई हतोत्साही बनाउनु हुँदैन भन्नेमा स्पष्ट छौं,' अर्यालले भनिन्-'व्यवसायीले पनि उपभोक्ताको स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेर व्यवसाय चलाउनुपर्छ ।'

उनले उप-महानगरपालिकाले अनुगमनलाई निरन्तरता दिइरहने समेत बताइन् । अनुगमनपछि उपभोक्ताहित संरक्षण मञ्च बुटवलका अध्यक्ष समुन्द्र जिसीले हैदराबादी बिरयानी सेन्टरको भान्सामा धेरै राम्रो सुधार भएकोले ढुक्कसँग यहाँको खाना खान सकिने बताए । उनले पहिले पनि राम्रो रहेको, तर भान्सामा सरसफाइमा सुधार गर्नुपर्ने भएको कारण केही दिन बन्द गर्नुपर्ने स्थिति आएको बताए ।

बिरयानी सेन्टरका सञ्चालक जनक खड्काले बुटवल उप-महानगरपालिकाले दिएको निर्देशनअनुसार भान्सामा सुधार गरेर पुनः सञ्चालनमा ल्याएको बताए । 'पहिलेको भन्दा धेरै राम्रो गुणस्तरमा बिरयानी र अन्य परिकार उपभोक्ताई दिन्छौं,' खड्काले भने-'सरसफाइका मापदण्डअनुसार किचनमा काम गर्ने कर्मचारीले एप्रोन, पञ्जा अनिवार्य गरिएको छ । ' यसअघि उप-महानगरको टोलीले अनुगमनमा क्रममा दिएका सुझावभन्दा फरक ढंगले एकतर्फी समाचार आउँदा आफ्नो ब्राण्ड र गुणस्तरमा जनमानसमा भ्रम उत्पन्न भएको भन्दै खड्काले भ्रममा नपरी विगतमा जस्तै विश्वास गर्न आग्रह गरे ।

# माओवादी गुल्मीका नेताहरू सम्मानित




**प्रेम सुनार**

*गुल्मी*

गुल्मी जिल्लाका १२ वटा स्थानीय तहमा जहाँ जहाँ माओवादी केन्द्रका नेताहरूले पालिकाको नेतृत्व गरेका छन्, ति सबै पालिका संस्थागत विकास र कार्य सम्पादन मूल्यांकनमा देशकै उत्कृष्ट पालिकाको मूल्यांकनमा परेपछि सो पार्टीले ति पालिका प्रमुखहरूलाई सम्मान गरेको छ ।

यस जिल्लाको १२ वटा पालिकामध्ये ४ वटा पालिकामा माओवादी केन्द्रका नेताहरु पालिका प्रमुख छन् । चन्द्रकोट नगरपालिकामा सो पार्टीका लुम्बिनी प्रदेश समिति सचिवालय सदस्य युवराज खत्री क्षेत्री अध्यक्ष छन् । सोहि त्तहका नेता भुपाल पोखेरल धुर्कोट गाउँपालिका अध्यक्ष छन् । उनी दोश्रो कार्यकालमा अध्यक्ष हुँदा पनि नेपाल सरकारका विभिन्न निकायबाट हुने संस्थागत विकास र कार्य सम्पादन मूल्यांकनमा धुर्कोट गाउँपालिका देशमै उत्कृष्ट पालिकामध्ये एकमा परेको थियो भने गत वर्षको मूल्यांकनमा पनि त्यस पालिका त्यहीं सफलता चुम्न सफल बन्यो ।

त्यस्तै अर्का माओवादी केन्द्रका नेता देवीराम अर्याल मालिका गाउँपालिका गाउँपालिकाको अध्यक्ष छन् । उनको पालिका पनि गत वर्ष मूल्यांकनमा देशकै र लुम्बिनी प्रदेशमै उत्कृष्ट पालिकाको मूल्यांकनमा पर्यो ।

जिल्लामा सबैभन्दा कम उमेरका पालिका अध्यक्ष हुन्, रुरु क्षेत्र गाउँपालिका अध्यक्ष यदु ज्ञवाली । उनी पनि माओवादी केन्द्रका युवा नेता हुन् ।

उनले नेतृत्व गरेको पालिका पनि मूल्यांकनमा देशकै उत्कृष्ट भएको छ । यसरी जुन जुन पालिकामा माओवादी केन्द्रका नेताहरूले नेतृत्व गरेका छन् ति सबै पालिकाहरु मात्रै उत्कृष्ट हुन सफल हुन गएकोले पार्टीले उनीहरुलाई सम्मान गर्न लागेको सो पार्टीका गुल्मी जिल्ला सचिव अशोक थापाको भनाइ थियो ।

शुक्रबार आयोजित माओवादी केन्द्र जिल्ला समन्वय समिति गुल्मीको बिस्तारित बैठकको अवसरमा उनीहरुलाई प्रमुख अतिथि सो पार्टीका लुम्बिनी प्रदेश कमिटी अध्यक्ष सुदर्शन बराललगायतका नेताहरूको हातबाट सम्मान गराइएको थियो ।

प्रदेश सरकारका पूर्व मन्त्री समेत रहेका प्रमुख अतिथि बरालले देशभरका स्थानीय तहदेखि आफ्नो पार्टीका अध्यक्ष प्रचण्डले गरेका कामहरुबाट सर्वसाधारण जनतामा सकरात्मक सन्देश पुगेको दाबी गरे ।

प्रचण्ड नेतृत्वको सरकारले धमाधम भ्रष्टाचारका फाइल खोल्न थालेपछि शेरबहादुर देउवा र केपी ओली डराएर विचौलियाको घरमा सुटुक्क बसेर सहमति गर्दै नयाँ सरकार बनेको नेता बरालको आरोप थियो । उनले अहिलेको सरकार आत्मरक्षाको अवस्थामा पुगेर उसले अगाडि सारेका हरेक कुराबाट पछि हट्न बाध्य भएको टिप्पणी गरे । सुरुमै विद्युत् प्राधिकरणको बैठकमा विशिस्ट अतिथि केन्द्रीय सदस्य तथा गुल्मीका इन्चार्ज सिर्जना तरामु, अर्का केन्द्रीय सदस्य वीरबहादुर कार्की वैकल्पिक केन्द्रीय सदस्य निमबहादुर पाण्डे, सम्मानित हुने ति नेताहरुका अलवा, रिज्जु श्रेष्ठ, ज्ञानकुमार बुढा, खुमबहादुर थापा, प्रदेश सांसद समेत रहेका यमु गैरेलगायतका नेताहरुले प्रशिक्षण मन्तव्य राखेका थिए ।

पालिका कमिटी र जन वर्गीय सङ्गठनका प्रमुखहरुले रिपोर्टिङ गरेका थिए । माओवादी केन्द्र जिल्ला समन्वय समिति संयोजक तेजेन्द्र सलामीको अध्यक्षतामा सम्पन्न बैठकको सञ्चालन सचिव अशोक थापाले गरेका थिए ।

# प्रजातान्त्रिक सेनानी संघ गठन

स्याङ्जा । प्रजातन्त्र ल्याउन योगदान गरेका पुराना नेताहरुको जिल्ला भेलाले प्रजातान्त्रिक सेनानी संघ गठन गरिएको छ । नेपाली कांग्रेस पाटीसँग समर्थित प्रजातान्त्रिक सेनानीहरुको भेलाले स्याङ्जामा संघ गठन गरिएको हो । भेलाले प्रजातान्त्रिक सेनानी तारापति सुवेदीको अध्यक्षतामा १७ सदस्यीय प्रजातान्त्रिक सेनानी संघ जिल्ला कार्य समिति गठन गरिएको छ । अध्यक्षमा चयन भएका सुवेदी २००७ सालदेखि प्रजातन्त्रका लागि निरन्तर लडेका व्यक्ति हुन् ।

प्रजातन्त्रिक सेनानी संघको उपाध्यक्षमा टीकाराम ढकाल, सचिवमा लक्ष्मणप्रसाद भट्टराई, कोषाध्यक्षमा भक्तबहादुर मल्ल चयन भएको नेपाली कांग्रेस स्याङ्जाका कार्यबहाक सभापति केदार काफ्लेले जानकारी दिए ।

कार्यबहाक सभापति काफ्लेलेका अनुसार प्रजातान्त्रिक सेनानी संघको सदस्यहरुमा रामकृष्ण अधिकारी, जीवलाल काफ्ले, बोधराज रेग्मी (गोविन्द), दिर्घनारायण अर्याल, अम्बिका देवी पौडेल, रामनाथ शर्मा, मेघबहादुर खड्का, हिरण्य आचार्य, खगराज भट्टराई, गीता भट्टराई, कर्मविर नेपाली, ओमनाथ शर्मा र रामबहादुर आले चयन भएका छन् ।

प्रजातान्त्रिक सेनानी संघका पदाधिकारी र सदस्यहरुलाई कार्यबहाक सभापतिले खादामाला लगाएर बधाई दिँदै प्रजातन्त्र प्राप्तीका लागि उनीहरुले गरेको योगदान नेपाली कांग्रेसले कहिल्यै भुल्न नहुने बताए ।

हिजोका दिनमा व्यवस्था परिवर्तनमा प्रजातान्त्रिक सेनानीको ठूलो भूमिका रहेको बताउँदै कार्यबहाक सभापति काफ्लेले उनीहरुको भूमिकालाई नेपाली कांग्रेसले सधैं सम्मान गनुपर्ने धारणा राखे । भेलामा नेपाली कांग्रेसका महासमिति सदस्य भागवतप्रकाश मल्ल, जिल्ला पुतलीबजार नगर सभापति सुरजकुमार अधिकारी, नेपाली कांग्रेसका जिल्ला कार्यसमितिका पदाधिकारी तथा सदस्यलगायतका नेताहरुको सहभागिता रहेको थियो ।

# गाई गोरूसहित दुई जना पक्राउ

नवलपुर । मिनी ट्रकमा खादाखाद गरेर ट्रकमा गाई गोरु बिक्री वितरणका लागि लैजाँदै गरेको एक टोलीलाई नवलपुर प्रहरीले गैँडाकोटबाट नियन्त्रणमा लिएको छ ।

शुक्रबार बिहान नवलपुरको विनयी त्रिवेणी २ दाउन्नेबाट दाउन्नेमा रहेको प्रहरी टोलीले उक्त गाई गोरु र ट्रकसहित दुई जनालाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रहरी उपरीक्षक नरहरि रेग्मीले बताए ।

पश्चिम नवलपरासीको सुनवल नगरपालिका ८ बाट ग. प्र. ०३-००१ ख २२७० मिनि ट्रकमा लोड गरी लैजाँदै गरेको अवस्थामा प्रहरी चौकी दाउन्ने टोलीले १९ वटा जर्सी प्रजातिका गाई र गोरुलाई नियन्त्रणमा लिएको हो ।

१५ वटा गाई र ४ वटा गोरु मासु परियोजनका लागि बिक्रीको लागि लगिएको सूचनाको आधारमा नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । जसमध्ये २ वटा पशु ट्रकमै मृत अवस्थामा फेला परेका थिए । पछिल्लो तीन वर्षयता दाङ, कपिलवस्तु, रुपन्देही र पश्चिम नवलपरासीका प्रहरी प्रमुखसँग सेटिङ मिलाएर विभिन्न स्थानमा खरिद गरिएको चौपाय मासुको प्रयोजनका लागि पूर्वी नाका हुँदै बंगलादेश लैजाने गरेको पाइएको हो ।

प्रहरीले ट्रक चालक र सह-चालकलाई नियन्त्रणमा लिएको छ । नियन्त्रणमा लिइएको गाई गोरुलाई त्रिवेणी गजेन्द्र मोक्षधाममा लगिए पनि त्यहाँ राख्न नमानेपछि जहाँबाट ल्याएको हो त्यही लगेर छाड्न लगिएको प्रहरी उपरीक्षक रेग्मीले बताए । मरेका दुई वटा पशुलाई भने स्थानीय जनप्रतिनिधिको रोहबरमा खाडल खनेर गाडिएको छ ।

उनले गाईगोरु तस्कर गर्नेलाई कारबाहीको लागि कानुनी प्रक्रिया अगाडि बढाइने जानकारी दिए ।

# कालिकामा कविता प्रतियोगिता



बुटवल । राष्ट्रिय शिक्षा दिवस साथै संविधान दिवस २०८१ को अवसरमा कालिका मानवज्ञान मावि बुटवलमा कविता प्रतियोगिता सम्पन्न भएको छ । कक्षा ११ र १२ मा गरिएको उक्त प्रतियोगिताको शीर्षक 'आर्थिक समृद्धिका लागि कृषिमा लगानी' रहेको थियो ।

जसमा कक्षा ११ र १२ का २१ जना विद्यार्थी भाइबहिनीहरूले आफूले रचना गरेको कविता वाचन गरेका थिए । जुन प्रतियोगितामा कक्षा १२ व्यवस्थापन समूहकी उपमा पाण्डे प्रथम, कानुन समूहकी शिक्षा भट्टराई द्वितीय, कानुन समूहकै सिर्जना थापा तृतीय र विज्ञान समूहका अमित खड्का चतुर्थ स्थान हासिल गर्न सफल भएका थिए । विद्यार्थी अस्मिता खड्काको सञ्चालनमा सम्पन्न भएको उक्त कार्यक्रममा निर्णायकको भूमिकामा शिक्षकहरू दीपक ज्ञवाली मणिराम आचार्य र रिता खनाल रहेका थिए ।

अतिरिक्त क्रियाकलाप प्रमुख विवेकराज पोखरेलको सभाध्यक्षमा सम्पन्न उक्त कार्यक्रममा प्रथम, द्वितीय, तृतीय र चतुर्थलाई प्रमाणपत्र र पुरस्कारद्वारा सम्मानित गरिएको थियो । कविता प्रतियोगिताको संयोजक शिक्षक शालीकराम घिमिरे रहेका थिए ।

# भुस बोकेको ट्रकमा आगलागी

नवलपरासी । पश्चिम नवलपरासीको बर्दघाट नगरपालिका ४ दाउन्ने जंगलमा भुस बोकेको ट्रकमा आगलागी भएको छ ।

जिल्ला प्रहरी कार्यालय पश्चिम नवलपरासीका अनुसार पूर्व पश्चिम राजमार्गमा रुपन्देहीको भैरहवाबाट चितवनको कुरिनटारका लागि जाँदै गरेको लु २ ख ५१३७ न. को भुस बोकेको ट्रकमा शुक्रबार बिहान १० बजेतिर बर्दघाट ४ दाउन्ने जंगलमा आगलागी भएको हो ।

गाडीको इञ्जिन तातिन गई अचानक ट्रकको अगाडिको भागबाट आगो सल्कँदा ट्रकमा लोड भएको भुसमा समेत आगलागी भएको हो । आगलागीबाट ट्रक पूर्णरुपमा क्षती भएको छ ।

बर्दघाट नगरपालिकाको दमकल, प्रहरी र स्थानीय मिलेर आगो नियन्त्रणमा लिएका थिए । घटनाको पूर्ण विवरण आउन बाँकी रहेको र घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्
सम्पर्कः
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही



विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वसिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com